




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क ३०० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ मंसिर ७ गते आइतबार ❑ 23 Nov. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## चुनावमा जाने कांग्रेसको निर्णय

**रासस**
काठमाडौं, ६ मंसिर

नेपाली कांग्रेसले देशमा उत्पन्न वर्तमान अवस्थाको उचित राजनीतिक निकास निर्वाचन नै भएको निष्कर्ष निकाल्दै निर्वाचनमा भाग लिने निर्णय गरेको छ।

कार्यवाहक सभापति पूर्णबहादुर खड्काको सभापतित्वमा शनिबार पार्टी केन्द्रीय कार्यालय, सानेपा, ललितपुरमा बसेको केन्द्रीय कार्यसमिति बैठकले आगामी फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभा सदस्य निर्वाचन नै वर्तमान राजनीतिक अवस्थाको उचित निकास निर्वाचन नै भएकाले पार्टीले भाग लिने निर्णय गरेको हो।

यही असोज २८ मा प्रारम्भ भएको बैठकपछि पार्टीका मुख्यसचिव कृष्णप्रसाद पौडेलद्वारा जारी विज्ञप्तिमा भनिएको छ,"निर्वाचनमार्फत नै संविधानको रक्षा तथा जेनजी प्रदर्शनका क्रममा परिवर्तनका लागि उठाइएका आवाजलाई संस्थागत रूप दिँदै देशलाई अघि बढाउन सकिन्छ भन्ने हाम्रो दृढ विश्वास छ। निर्वाचनका लागि भयरहित वातावरण अपरिहार्य छ, तर हाल हजारौं कैदीबन्दी फरार रहेका, ठूलो परिमाणमा हातहतियार हराएका, राजनीतिक दलहरूले निर्बाध रूपमा आफ्ना कार्यक्रम सञ्चालन गर्न नपाइरहेका र निर्वाचनका लागि आवश्यक न्यूनतम अवस्था पनि स्थापित हुन नसक्नुलगायत सबै परिस्थितिहरू अत्यन्त गम्भीर छन्। त्यसैले तत्काल शान्तिसुरक्षामा सुधार ल्याउन, सुरक्षाकर्मीको मनोबल उच्च बनाउन तथा आम नागरिकमा भयमुक्त वातावरण सुनिश्चित गर्न नेपाली कांग्रेस सरकारसँग जोडदार माग गर्दछ।"

गत भदौ २४ गते मुलुकमा अकल्पनीय विध्वंश र अराजकताको अवस्था सिर्जना भएको जटिल परिस्थितिमा तत्कालीन सङ्कटबाट देशलाई बाहिर निकाल्ने र संविधानको संरक्षण गर्ने प्रश्न अत्यन्त संवेदनशील बनेको स्मरण गर्दै कांग्रेसले सरकारविहीन अवस्थाका बीच प्रदर्शनरत युवाहरूको माग सम्बोधन र शान्तिसुरक्षा कायम गर्न राष्ट्रपतिले संसद् बाहिरबाट अन्तरिम प्रधानमन्त्री नियुक्त गर्नुपर्ने अवस्था आएको उल्लेख गरेको छ। संवैधानिक व्यवस्थाअनुसार संसद् भित्रैबाट निकास खोज्न सकिन्थ्यो भन्नेमा कांग्रेसको स्पष्ट धारणा रहेको पनि विज्ञप्तिमा उल्लेख छ। "कांग्रेस कार्यसम्पादन समितिको असोज ३ गतेको बैठकले संसद् विघटनको उपक्रम, संविधानको परिकल्पना तथा सम्मानित सर्वोच्च अदालतको व्याख्या विपरीत छ भन्दै संसद् विघटन असंवैधानिक भएको र यस कदमले लोकतान्त्रिक उपलब्धि जोखिममा पारेको ठहर गरिसकेको छ। संविधानभित्रै समाधान सम्भव छ भन्ने कांग्रेसको दृढ विश्वास छ", विज्ञप्तिमा भनिएको छ,"हाल अन्तरिम सरकार गठन तथा प्रतिनिधिसभा विघटन र निर्वाचनको मिति घोषणा भइसकेको अवस्थामा यो विषय राजनीतिक मात्र नभई संवैधानिक पनि हो। सम्मानित सर्वोच्च अदालतमा यो विषय विचाराधीन रहेकाले अदालतबाट अन्तिम व्याख्या हुनेछ भन्ने नेपाली कांग्रेसले विश्वास गरेको छ।" बैठकले विद्यमान शान्तिसुरक्षाको अवस्था र पछिल्ला दिनमा बढिरहेका उत्तेजक तथा अराजक गतिविधिप्रति गम्भीर चिन्ता व्यक्त गरेको छ। यस्तो संवेदनशील अवस्थामा कुनै पनि राजनीतिक दल, समूह वा पक्षबाट कुनै पनि नाममा हिंसा भड्काउने, सद्भाव खल्बलाउने, उत्तेजना वा घृणा फैलाउने कार्य कदापि वाञ्छनीय हुन नसक्ने कांग्रेसले जनाएको छ।

"लोकतान्त्रिक व्यवस्था र विधिको शासनमा लहड वा आवेगमा कसैलाई निषेध गर्नु, शान्तिपूर्ण प्रदर्शन तथा विचार अभिव्यक्तिमा बन्देज लगाउने प्रयास गर्नु स्वाभाविक वा स्वीकार्य मान्न सकिँदैन। यस्तो कार्य संविधानको आधारभूत मूल्य मान्यता विपरीत छ। यसले समाजमा थप ध्रुवीकरण र हिंसा निम्त्याउने सम्भावना बढाउँछ। अतः उत्तेजना होइन संयम, निषेध होइन संवाद, अविश्वास होइन विश्वास र समझदारी आवश्यक भएकाले कुनै पनि हिंसा वा उत्तेजनाको बाटो नअपनाउन, निषेधको राजनीति नगर्न तथा संयमता अपनाएर संवादमार्फत समाधान खोज्न सम्बद्ध सबै पक्षलाई नेपाली कांग्रेस आह्वान गर्दछ", विज्ञप्तिमा उल्लेख छ।

यस्तै, कांग्रेस तथा विभिन्न राजनीतिक दलहरूको आह्वानमा जनताले धैर्य, सङ्घर्ष र त्यागका माध्यमबाट स्थापित गरेको सङ्घीय, समावेशी, लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको संरक्षण तथा संस्थागत विकास साझा जिम्मेवारी हो भन्दै यसका लागि फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा सबै राजनीतिक दलले उत्साहपूर्वक सहभागिता जनाउन आवश्यक रहेको पनि निष्कर्ष निकालेको छ।

निर्वाचनलाई निष्पक्ष, विश्वसनीय र भयरहित बनाउनका लागि निर्वाचन आयोग, सरकार एवं सम्बद्ध पक्षलाई आवश्यक वातावरण निर्माण गर्न कांग्रेसले जोडदार माग गरेको छ। गत भदौ २३ गते 'जेनजी' पुस्ताका युवाहरूको आह्वानमा भ्रष्टाचारविरुद्ध तथा सुशासनका पक्षमा भएको प्रदर्शनका क्रममा अत्यन्तै अकल्पनीय र दुःखद घटना घट्न पुग्यो भन्दै कांग्रेसले उक्त दिन १९ जना युवाले ज्यान गुमाउनु परेको घटनाप्रति गहिरो दुःख व्यक्त गरेको छ। प्रदर्शनका क्रममा सहादत प्राप्त गर्ने सम्पूर्णमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै दिवङ्गत आत्माको चिरशान्तिको कामनाका साथ शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दै मृतक परिवारलाई उचित क्षतिपूर्ति र घाइतेहरूको निःशुल्क उपचार गर्न माग गरिएको छ। कांग्रेसले सबै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै भदौ २४ गते भएको आक्रमण, तोडफोड, लुटपाट र आगजनीका कारण अकल्पनीय जनधनको क्षति भएको उल्लेख गर्दै प्रदर्शनकारी तथा राष्ट्रसेवक सुरक्षाकर्मीसहित सोही दिनमा नै ५७ जनाको ज्यान गएको र सयौं नागरिक घाइते बनाउने सो दिनको हिंसात्मक र आपराधिक गतिविधिका कारण देशमा राज्यविहीन अराजकताको स्थिति सिर्जना भएको ठहर गरेको छ।

## पृथ्वीराजमार्गको विजयपुर खोलामा निर्माणाधीन पुलमा 'गिर्डर लन्चिङ' सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ६ मंसिर

पृथ्वीराजमार्गमा पर्ने पोखराको विजयपुर खोलामाथि निर्माणाधीन पुलमा शनिबारदेखि 'गिर्डर लन्चिङ' (पुललाई अड्याउन प्रयोग गरिने निदाल) सुरु भएको छ। मुग्लिन-पोखरा सडक आयोजना पश्चिमखण्डले राजमार्ग स्तरोन्नतिको काम गर्दै आएको छ।

सोही आयोजनाअन्तर्गत विजयपुर खोलामा पक्की मोटरेबल पुल निर्माण भइरहेको हो। उक्त आयोजनाका प्रमुख कृष्णबहादुर कुँवरले आजदेखि पुल क्षेत्र बाहिर तयार पारिएका गिर्डरलाई पुलमाथि राख्ने कार्य (गिर्डर लन्चिङ) सुरु भएको जानकारी दिनुभयो। उहाँका अनुसार बिहान ६:०० बजेदेखि ८:०० बजेसम्म र दिउँसो १२:०० देखि २:०० बजेसम्म दैनिक चार घण्टा सडक बन्द गरेर काम भइरहेको हो। आयोजना प्रमुख कुँवरले भन्नुभयो, "आज पहिलो दिन एउटा गिर्डर राखिएको छ। मङ्सिर ११ गतेसम्म १५ वटा राख्ने योजनाअनुसार भोलिदेखि काम हुनेछ। सकभर कम ट्राफिक जाम होस् भनेर दैनिक चार घण्टा सडक बाटो बन्द गरेर काम भइरहेको छ।"

विजयपुर खोलाको पुल अबको दुई महिनाभित्रमा निर्माण सम्पन्न हुने आयोजना कार्यालयले जनाएको छ। "गिर्डर राखेपछि पुलको स्लाब ढलान र दुवैतिरको सडक ढलान बाँकी छ। दुई महिनाभित्रमा सबै काम सकिन्छ", कुँवरले भन्नुभयो। एसियाली विकास बैङ्कको ऋण सहयोगमा पोखरा-मुग्लिङ सडक आयोजनाको पश्चिमखण्डमा पोखराको सेती नदी र विजयपुरखोलामाथि कङ्क्रिट र फलाम प्रयोग गरेर पुल निर्माणको चरणमा छ।

आयोजना प्रमुख कुँवरले राजमार्गमा सवारीसाधनको चापले पुलको काममा कठिनाइ हुने भएकाले पृथ्वी राजमार्ग हुँदै पोखरा भित्रिने र बाहिरिने सवारीसाधनलाई वैकल्पिक मार्ग प्रयोग गर्न आग्रह गरिएको जानकारी दिनुभयो। मुग्लिन-पोखरा सडक आयोजनाले दुईपाङ्ग्रे तथा साना सवारीसाधनका लागि बूढीबजारबाट बेलचौतारा हुँदै चाउथे आउने र जाने दुईतर्फी वैकल्पिक व्यवस्था गरिएको जनाएको छ।

यसैगरी ठूला सवारीका लागि लेखनाको पावरहाउसचोकदेखि बागमारा हुँदै बिरौट आउने/जाने दुईतर्फी रुट प्रयोग गर्न आग्रह गरिएको छ। उक्त आयोजनाअन्तर्गत पश्चिमखण्डकोपोखराबाटतनहुँको जामुनेसम्मको पश्चिमखण्डमा हालसम्म ५९ दशमलव ७६ प्रतिशत भौतिक प्रगति भएको प्रमुख कुँवरले जानकारी दिनुभयो।

## थपिए आठ लाख ३७ हजार नयाँ मतदाता

**पोखरापत्र संवाददाता**
पोखरा, ६ मंसिर

प्रतिनिधिसभा सदस्यको निर्वाचन घोषणापछि आठ लाख ३७ हजार ९४ नयाँ मतदाता थपिएका छन्।

निर्वाचन आयोगले सञ्चालन गरेको मतदाता नामावली दर्ता तथा अद्यावधिकका लागि थप गरेको समय गत मध्यरातिदेखि सकिएपछि नाम दर्ता गर्ने नयाँ मतदाताको विवरण सार्वजनिक भएको हो। फोटो तथा औंठाछापसहितको जैविक विवरण (बायोमेट्रिक्स) मार्फत तीन लाख ४४ लाख नौ सय १४ र राष्ट्रिय परिचयपत्रमार्फत चार लाख ९२ हजार एक सय ८० नयाँ मतदाता थपिएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो। आयोगले राष्ट्रिय परिचयपत्रको विवरणका आधारमा मतदाता नामावलीमा नाम दर्ता गराउन मिल्ने गराएपछि अनलाइनबाट नाम दर्ता गराउनेको सङ्ख्या थप बढेको हो।

प्रधानमन्त्री सुशीला कार्कीले पनि नयाँ मतदाताको सङ्ख्या समावेश गर्दै मतदाता नामावली सङ्कलन सकिएको सामाजिक सञ्जालमा उल्लेख गर्नुभएको छ। गत कात्तिक १६ गतेसम्म १८ वर्ष उमेर पूरा भएका मतदाताको सङ्ख्या एक करोड ८१ लाख ६८ हजार २३ रहेको थियो। सो अघि गत कात्तिक ३० गतेसम्मका लागि नामावली दर्ताको समय दिइएकामा नयाँ मतदाताको दर्ताको चाप र सरोकार भएका पक्षको आग्रहका आधारमा आयोगले यही मङ्सिर ५ गतेसम्मका लागि समय थपिएको थियो।

## नेपाल-चीन सिमानामा हाटबजार पूर्वाधार निर्माण गरिने

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ६ मंसिर

नेपाल-चीन सिमाना उत्तरी कोरलानाकास्थित दशगजा क्षेत्रमा हाटबजार पूर्वाधार निर्माण गरिँदै छ।


भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय गण्डकी प्रदेशअन्तर्गत पूर्वाधार विकास कार्यालयले कोरलानाकामा स्थानीयका लागि हाटबजार व्यवस्थापनका लागि पूर्वाधार निर्माण गर्ने जनाएको हो।

नेपाल-चीन कोरलानाकामा स्थानीय हाटबजार पूर्वाधार निर्माणका लागि चालु आर्थिक वर्षमा रु ५० लाख बजेट विनियोजन भएको पूर्वाधार विकास कार्यालयका इञ्जिनियर जगदीश जोशीले जानकारी दिनुभयो। उहाँले कोरलास्थित सीमानाकामा हाटबजार निर्माणका लागि प्रारम्भिक सर्वे अध्ययन गरिएको उल्लेख गर्नुभयो। "हाटबजार लागि सर्वे अध्ययन, लागत अनुमान र डिजाइनको काम सुरु गरेका छौं। साथै स्थानीय जनप्रतिनिधि र हाटबजार चलाउने व्यापारीको धारणा बुझ्दै छौं", उहाँले भन्नुभयो, "यसलाई कस्तो डिजाइनको बनाउने भन्ने अहिले यकिन भइसकेको छैन।"

नेपाल-चीन उत्तरी कोरलानाका विसं २०८० कात्तिक २७ गते औपचारिक रूपमा उपल्लो मुस्ताङका नागरिकका लागि खुल्ला गरिएको थियो। सीमावर्ती क्षेत्रका स्थानीय नागरिकका लागि बाह्रै महिना कोरलानाकाको ढोका खुल्ला गरिएसँगै चिनियाँ मालसामान बिक्री गर्न अस्थायी रूपमा त्रिपाल टाँगेर हाटबजार सञ्चालन गर्दै आइरहेका छन्। नाका आसपास करिब दुई दर्जन बढी नागरिकले हाटबजारमार्फत व्यापार सञ्चाल गर्दै आएका छन्। समुन्द्री सतहबाट चार हजार ६२० मिटरको उचाइमा अवस्थित कोरलानाकामा हाटबजारका साथै स्थानीय युवालाई वैकल्पिक व्यापार व्यवसाय चलाएर आर्थिक जीविकोपार्जनमा योगदान पुगेको छ। नाकामा हाटबजार चलाउने स्थानीयका लागि भरपर्दो पूर्वाधार नहुँदा हिमपात, चिसो र हावाहुरीको सामाना गर्नुपर्ने बाध्यताको अन्त्य गर्ने उद्देश्यले पूर्वाधार निर्माणको पहल थालिएको जोशीले बताउनुभयो। पूर्वाधार विकास कार्यालयका इञ्जिनियर जोशीले कोरलानाकामा स्थानीय हाटबजार पूर्वाधार निर्माणका लागि विनियोजित बजेट अपुग हुने देखिएमा प्रदेश सरकारसँग थप माग गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो। विसं २०८१ कात्तिक १४ गते नेपाल-चीन सिमाना कोरलास्थित अध्यागमन कार्यालयको उद्घाटनमा पुग्नुभएका गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले कोरला नाकामा अव्यवस्थित रूपमा सञ्चालन भएका हाटबजारलाई व्यवस्थित गर्ने बताउनुभएको थियो। त्यसपछि उहाँले नाकामा हाटबजार व्यवस्थापन गर्न आंशिक बजेट विनियोजन गर्नुभएको हो। प्रदेश सरकारबाट विनियोजित बजेट न्यून भएको स्थानीय सरोकार भएकाहरूको भनाइ छ।

पछिल्लो समय कोरलानाका व्यापारिक केन्द्रका रूपमा मात्रै नभई पर्यटकीय गन्तव्यसमेत बनेको छ। नाकामा हुने अनुकूल मौसमका कारण दिनहु सयौं पर्यटक यहाँ पुग्ने गरेका छन्। गत ३० भदौदेखि यस नाका पूर्ण रूपमा सञ्चालनमा आएसँगै पर्यटकीय चहलपहल पनि बढेको स्थानीय बताउँछन्।

नाकामा नेपाल पक्षबाट आवश्यक भौतिक पूर्वाधार निर्माण नहुदा यहाँ पुग्ने पर्यटक तथा हाटबजार चलाएर बस्ने नागरिकलाई सास्ती हुँदै आएको छ। नाकामा खानेपानी, शौचालय र हाटबजारका स्टललगायत पूर्वाधार नहुँदा समस्या हुँदै आएको लोमान्थाङ गाउँपालिका अध्यक्ष टसीनर्बु गुरुङले बताउनुभयो। नाकामा पूर्वाधार निर्माणका लागि स्थानीय तह एक्लैले काम गर्न गाह्रो हुने भएकाले प्रदेश सरकारसँग समन्वय गरिएको उहाँको भनाइ छ।

# 'छैटौँ टाइगर कप' मा माल्दिभ्सको राष्ट्रिय टोली सहभागी हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ६ मंसिर



आगामी माघ दोस्रो सातामा पोखरामा आयोजना हुने 'छैटौँ टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित खुल्ला क्लब च्याम्पियनसिप-२०८२' मा मालदिभ्सको राष्ट्रिय पुरुष भलिबल टोलीले सहभागिता जनाउने भएको छ।

टाइगर ग्रुप अफ पोखराको शनिबार पोखरामा सम्पन्न भएको चौथो वार्षिक साधारण सभा उद्घाटनको अवसरमा संस्थाका अध्यक्ष नारायणप्रसाद शर्माले आउँदो माघ ९ देखि १७ गतेसम्म पोखरामा हुने टाईगर कपमा मालदिभ्सको राष्ट्रिय टोली पोखरा आउने पक्का भएको बताउनु भएको हो।

काभा भलिवल माल्दिप्स हुने तयारी गरे पनि पोखरामा आफुहरुले मागेको मितिमै नेपाल भलिवल संघको समेत समन्वयमा माघ ९ गतेबाटै हुने भएको उहाँले जनाउनु भयो। माल्दिप्समा माघ १३ देखि २५ गते हुने पूर्व मिति घोषणा गरिए पनि पोखरामा उक्त प्रतियोगिता गर्न माग भए बमोजिम काभा भलिवल भने माघ २५ देखि फागुन २ गतेसम्म हुने भएको उहाँले उल्लेख गर्नुभयो। यस बर्षको महिला तथा पुरुष भलिवल खेलको लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय टिम गरी न्यूनतम ६/६ टिम सहभागि गराउने आयोजकले जनाएको छ। संस्थाले खेलकुद, शिक्षा र स्वास्थ्य क्षेत्रमा विभिन्न गतिविधि गर्दै आएको सचिव डिबी नेपालीले बताउनु भयो।

कार्यक्रमको उद्घाटन गर्दै मणिपाल शिक्षण अस्पतालका निर्देशक एवं अटो वेज प्रालिका कार्यकारी निर्देशक नारायण पौडेलले भलिबल खेलको विकास गर्न एक बिद्यालय एक भलिवल शिक्षक अभियान संचालन गर्नुपर्नेमा बताउनु भयो। छोटो समयमा नेपालको क्रिकेटले लिएको क्रेजको उदाहरण दिदै उहाँले पदकको सम्भावना र नेपालको राष्ट्रिय खेल भलिवल भएकोले यसको बिकास र विस्तारको लागि विद्यालय तहबाटै संस्थागत विकास गर्न 'एक विद्यालय-एक भलिवल प्रशिक्षक' अभियान अपरिहार्य रहेको उल्लेख गर्नुभयो।

अभियान टाइगर ग्रुपको पहलमा सुरु भए आफुहरु आबद्ध संस्थाले समेत साथ दिने उहाँले जनाउनु भयो। नेपाल भलिवल संघका केन्द्रीय सल्लाहकार हरिप्रसाद पराजुलीले पोखरामा भैरहेका प्रतिष्ठित खेलकुद कार्यक्रमहरूले पोखरामा खेल पर्यटनको प्रबर्द्धन गरेको बताउनु भयो।

वरिष्ठ मुटुरोग विशेषज्ञ डा.सूर्य देवकोटाले मुटु रोगीको सचेतना सहितको स्वास्थ्य शिविरहरु आवश्यक भएकोले त्यसको लागि आउदो बर्षमा न्यूनतम ५ देखि १० लाख बजेट व्याबस्था गर्न आयोजक समक्ष आग्रह गर्नुभयो। सहारा क्लबका वरिष्ठ उपाध्यक्ष पूर्णबहादुर गुरुङले पोखरामा हुने खेलकुद गतिविधिहरुको मिति केन्द्रले राम्रोसंग समन्वय नहुदा यहाँ एकै मितिमा जुध्ने समस्या भएको गुनासो गर्नुभयो। कोषाध्यक्ष हरिबहादुर श्रेष्ठले पाँचौं टाइगर कपबाट १ करोड ७१ लाख ८९ हजार ५ सय ७१ रुपैया आम्दानी भएको उक्त प्रतियोगिताबाट खर्च गरी २१ लाख १ हजार ६ रुपैया बचत भएको बताउनु भयो। कार्यक्रममा उपाध्यक्ष देवेन्द्र केसी, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष एमबी आस्था लगायतले भलिवल खेलको बारेमा चर्चा गर्नुभयो।

# जापानको नायोरो नगरको प्रतिनिधिमण्डललाई स्वागत

**पोखरापत्र संवाददाता**
पोखरा, ६ मंसिर



जापानको नायोरो नगरका उपप्रमुख सहितको प्रतिनिधिमण्डललाई शुक्रबार पोखरा पोखरा बृद्धाश्रममा स्वागत गरिएको छ।

नायोरो नगरका उपप्रमुख मासामिचि हाशिमोतो, नायोरोका समाजकल्याण शाखा प्रबन्ध निर्देशक युटो गोटो सहितको प्रतिनिधिमण्डललाई पोखरा बृद्धाश्रमका अध्यक्ष कुसुमकेशव पराजुली लगायतले स्वागत गर्नुभएको थियो। कार्यक्रममा नायोरो नगरका उपप्रमुख मासामिचि हाशिमोतोले आँफू पोखरा दोस्रोपटक आएको र यो धेरै मनपर्ने ठाउँ भएको बताउनुभयो। जापानमा ज्येष्ठ नागरिकलाई गरिने हेरचाह, औषत आयु लगायतका विषयमा उहाँले जानकारी दिनुभयो।

पोखरा बृद्धाश्रमका अध्यक्ष कुसुमकेशव पराजुलीले २०५३ सालमा समाजसेवी स्व.ऋषिकेशव पराजुलीले स्थापना गर्नुभएको पोखरा बृद्धाश्रमले स्थापनाकालदेखि असहाय ज्येष्ठनागरिकको आश्रयस्थलका रुपमा सेवा दिइरहेको बताउनुभयो। यस अघि नायोरोमा ज्येष्ठ नागरिकको सेवा सम्बन्धमा आँफूहरूले स्थलगत रुपमा नै धेरै कुरा जान्ने र सिक्ने अवसर पाएको बताउँदै उहाँले त्यहाँ प्राप्त गरेका ज्ञानसिपलाई सिमित साधनस्रोतका बीच पनि यहाँ कसरी उपयोग गर्न सकिन्छ भन्नेतर्फ लागेको जानकारी दिनुभयो। कार्यक्रममा नायरोका समाजकल्याण शाखाका प्रमुख युटो गोटो, विदेश मानव संसाधन विभागका शतोसी फुजी, पोखरा बृद्धाश्रमका उपाध्यक्ष केशव लम्साल लगायतले बोल्नुभएको थियो। पोखरा बृद्धाश्रमका अध्यक्ष पराजुलीले जापानको नायोरो नगर तथा समाजकल्याण शाखाका लागि नेपालको पहिचान झल्काउने किसिमको मायाको चिनो प्रदान गर्नुभएको थियो।

# बाटुलेचौरमा निशुल्क आँखा जाँच शिविर, २ सय ७ जना लाभान्वित

**पोखरापत्र संवाददाता**
पोखरा, ६ मंसिर



पोखराको बाटुलेचौरमा भएको निशुल्क आँखा जाँच शिविरबाट २ सय ७ जना लाभाम्वित भएका छन्।

त्यस क्षेत्रको अग्रणी सामाजिक संस्था हिमालय क्लवले आयोजना गरेको शिविरमा २ सय ७ जनाले आँखा जाँच गरेकोमा ३५ जनामा मोतियाविन्दुको समस्या देखिएको क्लवका अध्यक्ष मोहन थापाले जानकारी दिए। नयाँ बजारमा रहेको दृष्टि आँखा अस्पतालको प्राविधिक सहयोगामा भएको शिविरमा दृष्टि विशेषज्ञ डा प्रिन्सा बास्तोला, नेत्र सहायक प्रशिद्धी शाही र स्नेहा पुरीले सेवाग्राहीको जाँच गरेका थिए। मोतियाविन्दु देखिएका विरामीको अस्पतालको समवन्यमा उपचार गरिने बताईएको छ।यस अघि शिविरको गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दुकुमार थापाले क्लवका मानार्थ सदस्य बेनी बहादुर बस्नेत र सल्लाहकार राजेन्द्र बहादुर देवकोटालाई औंषधी हस्तान्तरण गरेर उद्घाटन गरेका थिए। उनले सामाजिक संघ संस्थाहरुले जनताका प्रत्यक्ष सरोकारका विषयमा काम गर्नुपर्नेमा जोड दिए। मन्त्री थापाले स्वस्थ नागरिकबाट मात्रै समृद्ध समाज निर्माण गर्न सकिने बताए।क्लवका अध्यक्ष मोहन थापाको अध्यक्षतामा भएको शिविरमा अस्पतालका अध्यक्ष शिव पोखरेलले संवेदनशील अंगको रुपमा रहेको आँखालाई सुरक्षित राख्न नियमित चेक जाँच गर्नुपर्ने बताए।कार्यक्रममा शिविरको महत्वका विषयमा क्लवका सुचना अधिकारी शिवराज देवकोटाले जानकारी गराएका थिए भने संचालन सचिव तुलबहादुर बस्नेतले गरेका थिए। शिविरमा आवश्यक परेका बिरामीहरुलाई निःशुल्क औषधी वितरण र सहुलियत दरमा चश्मा वितरण गरिएको थियो। शिविरबाट लामाचौर, बाटुलेचौर, घार्मी, कुरेचौर, हरिपाँउ, अर्मला, भलाम लगायत क्षेत्रका बासिन्दा लाभाम्वित भएका थिए। क्लवले यस अघि मुटु सम्बन्धी जाँच , महिलाको पाठेघरको मुखको क्यान्सर स्क्रीनिङ टेस्ट लगायत विभिन्न स्वास्थ्य जाँच गरी नागरिकलाई सेवा प्रदान गर्दै आएको छ।

# एभरेस्ट एफएमको रक्तदानमा १५१ युनिट रगत संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, ६ मंसिर



एभरेस्ट मिडिया हाउस प्रालिको आयोजनामा आज पोखरामा भएको बृहद रक्तदान कार्यक्रममा १५१ युनिट रगत संकलन भएको छ।

एभरेस्ट मिडिया हाउस प्रालिद्वारा सञ्चालित एभरेस्ट एफएम र एभरेस्ट आवाज डटकमको संयुक्त आयोजनामा 'म त रक्तदान गर्दैछु, तपाईं नि ? भन्ने नारासहित शनिबार रेडियो प्राङ्गण पोखरा-५ प्रस्याङमा भएको रक्तदान कार्यक्रममा १२७ जना पुरुष र २४ जना महिलाले रक्तदान गरेका हुन्।

रक्तदान कार्यक्रममा १६ जना पहिलो रक्तदातासमेत सहभागी भएको एभरेस्ट मिडिया हाउसले जनाएको छ। रक्तदान कार्यक्रममा जिल्ला प्रहरी कार्यालय कास्की, सशस्त्र प्रहरी बलको कालिका गण मालेपाटन, एवन ग्रेटर नेपाल यातायात प्रालि, बालकल्याण संस्था, शितलाज्योति युवा क्लव पोखरा-१२, टिम महादेव गुरुङ, ईम्पावर हेल्थ केयर प्रालिलगायतका संघसंस्थाहरुको संस्थागत सहभागिता रहेको थियो। रक्तदान कार्यक्रममा माछापुच्छ्रे-३ घाचोकका दुर्गाप्रसाद घोरासैनीले ५९ औं पटक, पोखरा नयाबजारका शम्भुलाल श्रेष्ठले ५५ औं पटक, पोखरा-१४ का राजेश तण्डुकारले ५४ औं पटक, पोखरा लेकसाईडका बिजयकुमार प्रधानले ४४ औं पटक, नागरिक समाजका संस्थापक अध्यक्ष रामबहादुर पौडेलले ४१ औं पटक, पोखरा १ बगरका अनिल शाक्यले ४१ औं पटक, पोखरा–४ का लोकेन्द्रदीप शाक्यले ४० औं पटक, पोखरा-१५ का सुजन प्रधानले ३९ औं पटक, पोखरा-८ का निश्चल खरेलले ३८ औं पटक, भारत घर भई पोखरा बस्ने मुन्नाकुमार ठाकुरले ३७ औं पटक, पोखरा-१७ विरौटाका विक्रम रानाभाट र खिमराज आचार्यले ३६ औं पटक रक्तदान गरेका थिए। यसअघि रक्तदान कार्यक्रमको नेपाल रेडक्रस सोसाइटी कास्कीकी सभापति उर्मिला खड्काले पहिलो रक्तदाता नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष माधव बराललाई ब्लड ब्याग हस्तान्तरण गरेर उद्घाटन गरेका थिए। उद्घाटन कार्यक्रममा बोल्दै उनले रक्तदान गरेर जीवन बचाउन सकिने बताईन्। रक्तसञ्चार केन्द्र पोखराका प्रमुख अर्जुन ज्ञवालीले रक्तदान गर्दा रक्तदान गर्नेलाई पनि फाइदा हुने र अरुको जीवन पनि बचाउन सकिने बताए।

एभरेस्ट मिडिया हाउसले रक्तदानसँगै सचेतना कार्यक्रम गरेर समाजमा रक्तदानप्रतिको धारणा सकारात्मक बनाउन महत्वपूर्ण भूमिका खेलेको भन्दै उनले एभरेस्ट मिडियाको प्रशंसा गरे। नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष माधव बरालले रक्तदान सबैभन्दा पूण्य काम भएको बताए। उनले रगतको विकल्प रगत मात्र भएकाले रगत आपूर्तीको एकमात्र माध्यम रक्तदान नै भएको बताए।

एभरेस्ट मिडिया हाउसका प्रमुख/सम्पादक दीपेन्द्र श्रेष्ठले आफू स्वस्थ रहेको प्रमाणित गर्दै अर्काको जीवन बचाउने अभियान अन्तर्गत रक्तदान कार्यक्रम गरिएको बताए। संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत रक्तदान कार्यक्रम आयोजना गरिएको उनले प्रष्ट्याए। उनले रक्तदानमा सहभागी सम्पूर्णलाई धन्यवादसमेत ज्ञापन गरे। रक्तदान कार्यक्रममा रक्त सञ्चार केन्द्र पोखराको प्राविधिक सहयोग रहेको थियो।

# पर्यटन प्रवर्द्धनका लागि छैटौँ बन्दीपुर महोत्सव

**पोखरापत्र संवाददाता**
दमौली, ६ मंसिर



पर्यटकीय नगरी बन्दीपुरको प्रचारप्रसार र बन्दीपुर भ्रमण वर्ष २०२५ का अवसरमा यही मङ्सिर १० गतेदेखि २१ गतेसम्म छैटौँ बन्दीपुर महोत्सव आयोजना हुने भएको छ।

तनहुँ उद्योग वाणिज्य सङ्घ बन्दीपुर बजार इकाइ समितिको आयोजनामा टुँडिखेलमा महोत्सव सञ्चालन हुनेछ।'उद्योग, व्यापार, पर्यटन र कृषिको प्रवर्द्धनः स्थानीय कला र संस्कृतिको संरक्षण' भन्ने मूल नारासहित महोत्सव आयोजना गरिएको र तयारी अन्तिम चरणमा पुगेको महोत्सव संयोजक एवं इकाइ सभापति घनश्याम उपाध्यायले आज बन्दीपुरमा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिनुभयो। बन्दीपुर नेपालकै पर्यटकीय गन्तव्यस्थल रहेकाले यसको थप प्रवर्द्धनमा महोत्सवले सहयोग पुग्ने उहाँले बताउनुभयो। यहाँ अवस्थित ऐतिहासिक सम्पदाहरु एवं प्रचुर सम्भावना बोकेका पर्यटकीयस्थलको पहिचान, प्रचारप्रसार गरी बन्दीपुरको आर्थिक उन्नतिमा टेवा पुऱ्याउने लक्ष्य राखिएको उहाँको भनाइ छ। महोत्सव दुई लाखभन्दा बढी पर्यटकले अवलोकन गर्ने लक्ष्य राखिएको र रु पाँच करोड बराबरको आर्थिक कारोबार हुने अनुमान गरिएको उहाँले बताउनुभयो। महोत्सवका क्रममा धार्मिक तथा ऐतिहासिक स्थल खड्गदेवी मन्दिर, पहाडपानी महादेव, विन्ध्यवासिनी मन्दिर, थानीमाई मन्दिर, महालक्ष्मी मन्दिर, चामुण्डामाई भुत्याहा बराहा, सन्तानेश्वर महादेव, मणिमुकुन्द सेन दरबार तथा मार्ग, टुँडिखेल, रानीवनको भ्रमण गराइने उहाँले बताउनुभयो।

महोत्सवका क्रममा सहासिक पर्यटन खेलहरु चट्टान आरोहण, प्याराग्लाइडिङ, सेती जलयात्रा, साइक्लिङको मज्जा लिन सकिने उहाँको भनाइ छ। महोत्सवमा व्यापारिक सामग्रीका ७९, विभिन्न घरेलु तथा हस्तकलाका तीन, कृषिउपजका दश, सेवामूलक संस्थाको एक, होटल रेष्टुरेन्टका आठ, सूचना केन्द्र एक, अटो कम्पनीका दुईलगायत स्टल रहनेछन्।

बन्दीपुर गाउँपालिका संरक्षक रहेको महोत्सवको प्रवर्द्धकमा तनहुँ उद्योग वाणिज्य सङ्घ, नेपाल पर्यटन बोर्ड, नेपाल उद्योग वाणिज्य महासङ्घ, बन्दीपुर भ्रमण वर्ष २०२५ सचिवालय रहेको छ। महोत्सवले बन्दीपुर भ्रमण वर्ष २०२५ लाई सहयोग गर्ने बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले बताउनुभयो। भ्रमण वर्षका अवसरमा विविध कार्यक्रम गर्ने निर्णयबमोजिम महोत्सव गर्न लागिएको उहाँको भनाइ छ। भ्रमण वर्षलाई लक्षित गरी हरेक महिना गाउँपालिकाभित्र र बाहिर गरी दुई वटा कार्यक्रम गर्ने गरिएको उहाँको भनाइ छ। सोहीअनुसार गत भदौ १६ गते होटल एशोसिएसन बन्दीपुरको संयोजकत्वमा काठमाडौँमा बन्दीपुर प्रवर्द्धन कार्यक्रम गरिएको र त्यसले बन्दीपुरको पर्यटनलाई थप टेवा पुगेको उहाँको भनाइ थियो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
– एल्फेड डे

## सम्पादकीय

# चुनावमा जाने कांग्रेसको औपचारिक निर्णय

एक महिनाअघिदेखि जारी भएको नेपाली कांग्रेस केन्द्रीय समिति बैठकले महाधिवेशन बारे कुनै निर्णय नगरी चुनावमा भाग लिने निर्णय गरेको छ। काङ्ग्रेसले निर्वाचनमा भाग लिने निर्णय गरेपनि निर्वाचनका लागि वातावरण बन्न नसकेको भन्दै सुरक्षाको प्रत्याभूति खोजेको छ । असोज २८ गते शुरु भएर पटकपटक स्थगित बैठकले काङ्ग्रेस भित्रका सबै गुटलाई समेट्ने गरि निर्णय गरेको छ । काङ्ग्रेसले मुलुकमा उत्पन्न विषम राजनीतिक परिस्थितिका बीच आगामी फागुन २१ गते तोकिएको प्रतिनिधि सभा सदस्य निर्वाचनमा भाग लिने औपचारिक निर्णय गरेको छ । शनिबार कार्यवाहक सभापति पूर्णबहादुर खड्काको सभापतित्वमा बसेको केन्द्रीय कार्यसमितिको बैठकले ५ बुँदे निर्णय सार्वजनिक गर्दै वर्तमान राजनीतिको निकास निर्वाचन नै भएको निष्कर्ष निकालेको छ।

गत भदौमा जेनजी पुस्ताका युवाहरूको आन्दोलनका क्रममा भएको हिंसात्मक घटना, संसद विघटन र अन्तरिम सरकार गठनपछि उत्पन्न परिस्थितिबारे आफ्नो आधिकारिक धारणा सार्वजनिक गर्दै कांग्रेसले संविधानको रक्षा र आन्दोलनका जायज आवाजलाई संस्थागत गर्न चुनावमा जानुको विकल्प नभएको ठहर गरेको छ। बैठकले आगामी माघ ११ गते हुने राष्ट्रिय सभा र फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनका लागि दल दर्ता गर्ने जिम्मेवारी मुख्य सचिवलाई दिएको छ। कांग्रेसले गत भदौ २३ र २४ गते भएका घटनालाई 'अकल्पनीय र दुःखद' भन्दै त्यसको कडा शब्दमा निन्दा गरेको छ। जेनजी पुस्ताले भ्रष्टाचार र सुशासनका पक्षमा उठाएका आवाजलाई सकारात्मक रूपमा लिने तर आन्दोलनका नाममा भएको लुटपाट, आगजनी र हिंसा स्वीकार्य नहुने कांग्रेसको ठहर छ।

भदौ २४ गतेको घटनामा सभापति शेरबहादुर देउवा र उनकी पत्नी आरजु राणा देउवामाथि सांघातिक आक्रमण भएको, उनीहरूको निवाससहित देशभरका १२५ भन्दा बढी नेताका घर, पार्टी कार्यालय र सरकारी संरचनामा आगजनी तथा तोडफोड भएको घटनालाई कांग्रेसले' राज्यविहीन अराजकता' को संज्ञा दिएको छ। उक्त घटनामा ५७ जनाको ज्यान गएको र अर्बौंको क्षति भएको भन्दै कांग्रेसले पीडितलाई क्षतिपूर्ति, घाइतेको उपचार र लुटिएका हतियार फिर्ता गराउन सरकारसँग माग गरेको छ।

राष्ट्रपतिले संसद विघटन गरी संसद बाहिरबाट अन्तरिम प्रधानमन्त्री नियुक्त गरेको विषयमा भने कांग्रेसले असहमति जनाएको छ। संसद भित्रैबाट निकास खोज्न सकिने संवैधानिक व्यवस्था हुँदाहुँदै संसद विघटन गर्नु असंवैधानिक भएको कांग्रेसको बुझाइ छ। यद्यपि, यो विषय सर्वोच्च अदालतमा विचाराधीन रहेको र चुनावको मिति समेत घोषणा भइसकेको अवस्थामा अदालतको अन्तिम व्याख्यालाई पर्खँदै चुनावको तयारीमा लाग्ने निर्णय बैठकले गरेको छ।

यसैगरी चुनावको वातावरण बनाउनका लागि देशमा शान्ति सुरक्षाको स्थिति सामान्य हुनुपर्नेमा कांग्रेसले जोड दिएको छ। जेलबाट कैदीबन्दी फरार रहेको र हतियारहरू हराइरहेको अवस्थामा भयरहित वातावरण निर्माण गर्न सरकारसँग माग गरिएको छ । साथै, मुलुकको संकट समाधानका लागि विघटित प्रतिनिधि सभाका दलहरू, जेन-जेड पुस्ता, नागरिक समाज र सरोकारवालाहरू बीच 'बहुपक्षीय राष्ट्रिय संवाद' आवश्यक रहेको भन्दै यसका लागि पहल गर्ने निर्णय पनि कांग्रेसले गरेको छ। विघटित प्रतिनिधिसभाको सबैभन्दा ठूलो दलको हिसावले बहुपक्षीय राष्ट्रिय संवादका लागि पहल लिनु सकारात्मक हो।देशलाई कता लैजाने भन्ने मुल जिम्मेवार दल नै हुन भन्ने संझेर साझा राष्ट्रिय धारणा बनाउनु आवश्यक छ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : मानसिक तनाब |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : झमेला बड्ने |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शुभ यात्रा |
| कन्या | : शारीरिक झमेला | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# चिसोले पञ्चकुण्ड ताल जमेपछि ...

**पोखरापत्र संवाददाता**
म्याग्दी, ६ मंसिर

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा अवस्थित अन्नपूर्ण आधार शिविरमा रहेको 'पञ्चकुण्ड ताल' चिसोका कारण जमेको छ। ताल जमेर एक ढिक्का भएपछि मानिसले हिँडडुल गर्न सकिने भएको छ।

समुद्री सतहबाट चार हजार १०० मिटर उचाइमा करिब २० हजार वर्गमिटर क्षेत्रफलमा फैलिएको यो ताल अन्नपूर्ण हिमाल आरोहण र आधार शिविरको भ्रमणमा जाने पर्यटकको मुख्य आकर्षणको केन्द्र हो।

ग्लेसियर क्षेत्रमा फैलिएको यो हिमताल हिउँदयाममा विभिन्न पाँच कुण्डको आकृतिमा देखिने भएकाले कुण्डको नाम पञ्चकुण्ड नामकरण गरिएको मौरिस हर्जोग पदमार्गका अभियान्त तेज गुरुङले बताउनुभयो। उहाँका अनुसार सन् १९५० तिर हिमाल आरोही लिएर आएका शेर्पाहरूले यसको नाम डिकिचो ताल भनेर नामकरण गरेका थिए। नारच्याङबाट 'मौरिस हर्जोग पदमार्ग' हुँदै दुई दिनको यात्रामा पञ्चकुण्ड तालमा सजिलै पुग्न सकिन्छ । आधार शिविर क्षेत्रको भ्रमणमा जाने पर्यटकका लागि यो तालनै पहिलो र प्रमुख आकर्षणका रूपमा रहेको छ। पञ्चकुण्ड ताल परिसरबाट अन्नपूर्ण हिमालका साथै फ्रेन्क, तिलिचो र निलगिरि हिमालको मनमोहक दृष्य फन्को मारेर अवलोकन गर्न सकिन्छ । सन् १९५० जुन ३ तारिखका दिन फ्रान्सका मौरिस हर्जोगले अन्नपूर्ण प्रथम हिमालको आरोहण गर्नुभएको थियो। हर्गोजले आरोहणका लागि आधार शिविर जान प्रयोग गरेको पदमार्गलाई पछ्याउँदै विसं २०६८ मा 'मौरिज हर्जोग पदमार्ग'को पहिचान गरिएको थियो। अन्नपूर्ण र निलगिरि हिमालको फेदीबाट बग्ने मिस्त्रीखोलाको किनारै किनार, अग्ला झरना, मनमोहक हिमशृङ्खला, अनौठो भूगोल, पहाड, दुर्लभ वनस्पति, वन्यजन्तुको अवलोकन गर्दै नारच्याङको हुमखोलासम्म सवार ।साधन र त्यहाँबाट २२ किलोमिटर पैदलयात्रा गरेर आधार शिविर पुग्न सकिन्छ। वरपर सेताम्मे हिमाल र जमेर बरफ बनेको पञ्चकुण्ड तालले यस क्षेत्रलाई मनोमहक बनाएको आधार शिविरको पदयात्रामा जानुभएका बेनीका सन्दिप खत्रीले बताउनुभयो । चिसो बढेसँगै अन्नपूर्ण पदयात्रामा चहलपहल घटेको स्थानीय होटल ब्यवसायी माइकल पुनले बताउनुभयो। दसैं, तिहार र छठपर्व विदाका अवसरमा दैनिक रूपमा दुईसय देखि तीनसय सम्म पर्यटक आएकोमा यतिखेर दैनिक रूपमा पचास जनाको हाराहारीमा आउने गरेका छन् । असोज-कात्तिकको शरदयाममा करिब १५ हजार भन्दा बढी पर्यटक आधार शिविर पुगेका अन्नपूर्ण गाउँपालिका-४ का वडा अध्यक्ष लोकबहादुर पुनले बताउनुभयो।

# फोहरलाई मोहरमा परिणत गर्दै व्यास नगरपालिका

**पोखरापत्र संवाददाता**
तनहुँ, ६ मंसिर

जिल्लाको व्यास नगरपालिकाले नकुहिने फोहर बिक्रीबाट चालु आवको पहिलो चार महिनामा रु सात लाख आम्दानी गरेको छ।

नगरपालिकाले प्लास्टिक, कपडा, फलाम र सिसाजन्य वस्तुको वर्गीकरण गरी गत वर्षदेखि बिक्री गर्न थालेको प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालले जानकारी दिनुभयो।

व्यास नगरपालिकाले दैनिक १५ टन नकुहिने र सात टन कुहिने फोहर सङ्कलन गर्दै आएको छ र कुहिने फोहरलाई गौ संरक्षण केन्द्रमा व्यवस्थापन गरिन्छ।

पहिलो चरणमा नकुहिने फोहरलाई मोहरमा बदल्ने सोचसहित सूक्ष्म रूपमा वर्गीकरण गरी बिक्री गर्न थालेको नगरपालिकाले जनाएको छ । नगरपालिकाले प्लास्टिक, कपडा, फलाम र सिसाजन्य वस्तु बिक्रीका लागि बोलपत्र आह्वान गरी बिक्री गर्न थालिएको नगरपालिकाको वन, वातावरण तथा सरसफाइ शाखाले जनाएको छ । प्रमुख प्रशासकीय अधिकृत लम्सालले भन्नुभयो, "व्यास नगरपालिका परिसरमा 'बेलिङ' मेसिन जडान गरी नकुहिने प्लास्टिकजन्य, फलामजन्य र कागजजन्यलाई ठूलो आकारबाट दाबेर सानो आकारमा परिणत गरी भण्डारण गरिन्छ ।"कार्यालयका अनुसार आल्मुनियम प्रतिकेजी ६०, फलाम प्रतिकेजी ३५, टिन २५, पानीको बोतल तथा अन्य बोतल २३, कपडा पाँच रूपैयाँ ५० पैसा, कपी १६ र किताब १४ दररेट कायम गरिएको छ । नगरपालिकाले यसअघि वडा नं ३ मादी नदी किनारस्थित भतेरीमा नकुहिने फोहर व्यवस्थापन गर्दै आएको थियो । त्यस क्षेत्रको सम्झौता अवधि सकिएकाले अर्को व्यवस्था नहुँदासम्म कार्यालय परिसरबाटै फोहर व्यवस्थापन गर्न लागिएको हो । कुहिने फोहरलाई नगरले व्यास-१० स्थित गौ संरक्षण केन्द्र भतेरीमा व्यवस्थापन गर्दै आएको छ । नकुहिने फोहरको दिगो व्यवस्थापनका लागि वडा नं १३ मा जग्गा खरिद प्रक्रिया अगाडि बढाइएकामा त्यहाँ पनि स्थानीयले विरोध गरेकाले जग्गा खरिद प्रक्रिया हाललाई रोकिएको छ । नगरपालिकाले सरसफाइ क्षेत्रमा लाखौं खर्च गर्दै आएकामा अब फोहरबाट राम्रो आम्दानी स्रोत बनाउन थालेको व्यास नगरप्रमुख वैकुण्ठ न्यौपानेले बताउनुभयो।

# पूर्वविद्यार्थीद्वारा विद्यालयलाई सहयोग

**पोखरापत्र संवाददाता**
गण्डकी, ६ मंसिर

पोखरा महानगरपालिका-३३, आँपु भञ्ज्याङस्थित कालिका माध्यमिक विद्यालयका केही पूर्वविद्यार्थीले आफूले पढेको विद्यालययलाई सहयोग गरेका छन्।

उक्त विद्यालयबाट २०७५ को एसइई उत्तीर्ण उनीहरूले विद्यालयका सबै कक्षाकोठामा बिजुलीको व्यवस्थाका साथ पङ्खा जडान गरेका हुन् । साथै उनीहरूले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मोहनबहादुर थापा, शिक्षक-अभिभावक सङ्घका अध्यक्ष डिबी विश्वकर्मा र प्रधानाध्यापक रुपीन्द्र प्रभावीलाई खेलकुद सामग्री पनि हस्तान्तरण गरेका छन् । त्यस अवसरमा अध्यक्ष थापाले आफू पढेको विद्यालयलाई सहयोग गरेकामा कृतज्ञता ज्ञापन गर्दै उनीहरूबाट भविष्यमा पनि यस्ता सत्कर्म हुने विश्वास व्यक्त गर्नुभयो।

# पञ्चेबाजाको संगीत र गायन मार्फत् बालअधिकार सम्बन्धी आवाज

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ६ मंसिर




सधैँ विद्यालय पोषाकमा कापी,कलम, किताब झोलामा बोकेर हिड्ने स्याङ्जाका विद्यार्थीहरु शुक्रबार फरक दृष्यमा देखिए। थियो त उनीहरुको हातमा पञ्चेबाजाको सेट । यो दृष्य हो गण्डकी प्रदेश सरकार अन्तर्गतको एकिकृत सेवा कार्यालय स्याङ्जाले विश्व बाल दिवसको सन्दर्भमा स्याङ्जा सदरमुकाम स्थित भु.पू. सैनिक आवासिय माध्यमिक विद्यालयमा आयोजना रहेको बालबालिका समूहको जिल्ला स्तरीय पञ्चेबाजा प्रतियोगिता कार्यक्रमको।

जिल्लाका विभिन्न स्थानीय तहबाट ८ वटा बालबालिकाको समूह सहभागी प्रतियोगितामा जनता मा.वि. कालिगण्डकी प्रथम भएको छ। बाल अधिकारका विषयवस्तु समेटिएका गीत र नृत्य सहित प्रस्तुत भएको उक्त प्रतियोगितामा द्वितीय स्थान जनहित मा.वि. आँधिखोलाले प्राप्त गरेको थियो भने तृतीय र सान्तवना स्थान पुतलीबजार नगरपालिकाका क्रमश लामाके बाल बाजासमूह र सरस्वती मावि नाँगडाँडाले प्राप्त गरे। प्रथम,द्वितीय, तृतीय र सान्त्वना स्थान प्राप्त गरेका विद्यालय/ पञ्चेबाजा समुहले नगद रू. १५ हजार, १० हजार, ७ हजार र ४ हजार, मेडल र प्रमाणपत्र प्राप्त गरेका थिए । कार्यक्रमका बोल्दै गण्डकी प्रदेश सभा सदस्य सुधिर कुमार पौडेलले बहुआयमिक पञ्चेबाजा प्रतियोगिताले बालबालिकाको मौलिक संस्कृतिप्रतिको रुचि बढाउने र संस्कृति संरक्षणमा समेत टेवा पुऱ्याउने विश्वास उहाँले व्यक्त गर्नुभयो । उहाँले सबै पक्षको एकिकृत पहलले नै बालमैत्री शासन स्थापित गराउन सकिने बताउनु भयो। एकीकृत सेवा कार्यालयका प्रमुख जीवन पौडेलले संस्कृतिको पुस्तान्तरण, संरक्षणको साथै गायन र पञ्चेबाजाको संगीत मार्फत् बालबालिकाको अधिकार, आवाज र प्रतिभाको प्रस्फुटनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नु भयो । प्रतियोगितामा आदर्श सोनामले उत्कृष्ट सहनाइ बादकको पुरस्कार हात पार्नुभयो भने उत्कृष्ट ढोलकी बादकको पुरस्कार राहुल परियारले प्राप्त गर्नुभयो। यसैगरी कुशल परियारले बाल प्रतिभा प्रोत्साहन पुरस्कार प्राप्त गर्नुभएको थियो । प्रतियोगिताकै दौरान लोक गायक तथा सर्जक लोकनाथ सापकोटाले आफ्ना उत्कृष्ट गीतहरू प्रस्तुत गर्नु गर्नुभएको थियो।

प्रतियोगितामा राष्ट्रिय संगितकर्मी संघका जिल्ला अध्यक्ष बुद्धि बहादुर परियार, पञ्चेबाजा विज्ञ एवं संगीतकर्मी रेशम दर्जी र पुतलीबजार प्रज्ञाप्रतिष्ठानका सदस्य रामचन्द्र परियारले निर्णायकको जिम्मेवारी सम्हालुभएको थियो । जिल्ला बाल सञ्जाल स्याङ्जाकी अध्यक्ष सुजता पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रको सञ्चालन संचारकर्मी विक्रम परियारले गरेका थिए । हरेक वर्ष राष्ट्रसङ्घको आह्वानमा सन् १९८९ मा बालअधिकारसम्बन्धी महासन्धि अनुमोदन भएको दिनको सम्झनामा नोभेम्बर २० तारिखको दिनमा विश्व बाल दिवस मनाउन थालिएको हो।

# कास्की मोर्डनाइज्ड महोत्सवमा अभिभावक क्रेता विद्यार्थी विक्रेता

**पोखरापत्र संवाददाता**
पोखरा, ६ मंसिर



पोखरा - १३ बाँझापाटनकी ईश्वरा लिम्बुले ५ सय रुपैया तिरेर दुई वटा कुसन किनिन् । उनलाई कुसनको आवश्यकता थिएन, तर कास्की मोर्डनाइज्डमा भएको महोत्सवमा जव उनि पुगिन् उनको मन मानेन व्याग बाट ५ सय रुपैया निकलिन र दुई वटा कुसन लिएर हिडिन्। उनी विद्यालयकी अभिभावक हुन् । विद्यालयले आयोजना गरेको महोत्सव अवलोकन गर्न उनि पुगेकी थिईन्।

महोत्सवमा विद्यालयका विद्यार्थीले आफैले निर्माण गरेका सामाग्री वेच्दै थिए। 'महोत्सव अवलोकन गर्न जाँदा विद्यालयका विद्यार्थीले विभिन्न खालका समाग्री निर्माण गरेर वेच्न लागेको देखे' उनले भनिन्, 'आफ्नै छोरा छोरीहरुले निर्माण गरेका सामाग्री देखेपछि प्रोत्सान गर्न आवश्यकता नभए पनि किने ।' उनी जस्तै महोत्सवमा पुगेका सवै अभिभावकहरु आफ्ना छोराछोरीले निर्माण गरेका सामाग्री अवलोकन गर्थे र समाग्री किनेर घर लगेका छन्। विद्यालयले गरेको यो पहिलो महोत्सव अभिभावक क्रेता र विद्यार्थी विक्रेताको रुपमा देख्न पाइन्थ्यो।

महोत्सवमा विद्यालयलका विद्यार्थीले वनाएका विभिन्न किसिमका वस्तु तथा परिकारहरु अभिभावकले किन्य। जुन वस्तु तथा परिकार विक्री गरेपछि खर्च कटाएर वचेको रकम स्वयम् विद्यार्थीले नै पाउने व्यवस्था विद्यालयले गरेको थियो । विद्यालयले गरेको यो महोत्सवले पढाईसँगै रोजगारीमा जोडिने बाटो सिर्जन गरेको कक्षा ८ मा अध्ययनरत विद्यार्थी मानुषी भण्डारीले जानकारी दिईन् । 'विद्यालयले महोत्सव गरेर हामीलाई रोजगारीमा कसरी जोडिन सकिन्छ भने असल अभ्यास सिकाएको छ' उनले भनिन्, 'महोत्सव विद्यालयका सवै विद्यार्थीले आफ्नो प्रतिभा देखाउने थलो बन्यो।' महोत्सवमा उनी सँगै कक्षा ७, ८ र ९ मा अध्ययनरत विद्यार्थीले हस्तकला निर्माण गरी विक्रि गरेका थिए । महोत्सव अवलोकन गर्न आउने अभिभाकहरु आफ्ना छोरा छोरीका प्रतिभा देखेर अचम्मित परेका थिए। विद्यालयका विद्यार्थीले आफ्ना प्रतिभाहरु देखाउने प्लेट फर्म महोत्वम बनेको विद्यालयका अभिभावक पोखर- ८ न्यूरोडका रमन गिरिले बताए।

महोत्सवमा शैक्षिक सामाग्री प्रदर्शन र विक्री, चित्रकाल प्रदर्शन विक्री, हस्तकाला निर्माण तथा विक्रि, खेलकुदका कार्यक्रम, खाजाका परिकार, पुस्तक प्रदर्शन तथा विक्री गर्न विद्यार्थीहरुलाई भ्याइनभ्याइ भएको थियो । महोत्सवमा १ हजार सम्मको सामान किन्ने अभिभावकलाई कुपनको व्यवस्था गरि गोला प्रथाद्धारा पुरस्कार पनि प्रदान गरिएको थियो। गोला प्रथाद्धारा उत्कृष्ट २० जनालाई पुरस्कार प्रदान गरिएको थियो । शैक्षिक क्षेत्रमा देखिएको आफ्नै पहिचान, हाम्रा विद्यार्थीको चौतर्फी क्षमता विकासमा हाम्रो अभियान' भन्ने मुल नाराका साथ महोत्सव आयोजना गरिएको विद्यालयका संस्थापक प्रध्यानाध्यापक राम बहादुर मोचीले जानकारी दिए । 'पहिलो पटक आयोजना गरेको यो महोत्सव यति सब्य र भव्य रुपमा सम्पन्न भयो विद्यालय यो अभियानमा साथ दिने सवैलाई आभार तथा धन्यवाद व्यक्त गर्दछ' उनले भने,' आगामि दिनमा हुने विद्यालयका यस्तै खालका गतिविधिमा यहाँहरुको साथको अपेक्षा गर्दछौं ।' कला, साहित्य, शिक्षा, खेल, सृजना र मनोरञ्जनको संगम स्थलको रुपमा हेरिएको उक्त महोत्सवमा विद्यालयका शिक्षक, विद्यार्थी, पूर्व विद्यार्थी, अभिभावकको जमघटको थलो बनेको थियो। शुक्रबार भएको महोत्सवमा कक्षा नर्सरी देखि २ सम्म र कक्षा ८ देखि १० सम्मका विद्यार्थी पूर्व विद्यार्थी र अभिभावकको सहभागिता रहेको थियो भने शनिबार कक्षा ३ देखि ७ सम्म र कक्षा ११, १२ सम्मका विद्यार्थी, अभिभावक र पूर्व विद्यार्थीको सहभागिता कार्यक्रम संयोजक तथा विद्यालयका सहायक प्रध्यानाध्यापक शिवलाल उपाध्यायले जानकारी दिए।

महोत्सवमा विद्यालयका विद्यार्थी, पूर्व विद्यार्थी तथा अभिभावकको प्रस्तुति रहेको थियो । महोत्सवको समापन कार्यक्रममा बोल्दै प्रमुख शिक्षा विकास तथा समन्वय इकाई कास्कीका प्रमुख लोकनाथ आचार्यले विद्यार्थीलाई आत्मा निर्भर बनाउनका लागि यो महोत्सव उदाहरणीय भएको बताए । 'विद्यार्थीका प्रतिभालाई उजागर गरेर आत्मा निर्भर बनाउने काम विद्यालयको हो जुन महोत्सवले परिपूर्ति गरेको छ' उनले भने, 'अभिभावक र विद्यालयबीचको आत्मीय सम्बन्धले यो सफल हुन्छ, त्यो आत्मिय सम्बन्ध यो विद्यालयमा रहेको छ।' महोत्सवमा विद्यालयको शैक्षिक तथा अतिरिक्त क्रियाकलावको पुरस्कार वितरण गरिएको थियो भने महोत्सवमा हुने हरेक प्रस्तुतिको प्रतियोगिताको रुपमा निर्णय गरि विजयी हुनेलाई पुरस्कार प्रदान गरिएको थियो।

विद्यालय व्यवस्थापन समितिकी अध्यक्ष राधा नेपालीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा अमरसिंह उच्च मावि व्यवस्थापन समितिका अध्यक्ष कृष्ण प्रसाद कोइराला, विद्यालयका शैक्षिक विभाग प्रमुख शिवु ढकाल, शिक्षक अनुराग अधिकारी, विद्यार्थी शिक्षा खड्का, सुप्रिया भण्डारीले बोलेका थिए।

# तनहुँमा पूर्वाधार विकासका १७९ योजना सम्पन्न

**रासस**
तनहुँ, ६ मंसिर

पूर्वाधार विकास कार्यालय तनहुँले एक वर्षको अवधिमा एक सय ७९ योजना सम्पन्न गरेको छ । कार्यालयले गत आर्थिक वर्षमा जिल्लाका दश पालिकामा सञ्चालित एक सय ७९ योजना सम्पन्न गरेको हो ।

त्यस अवधिमा रु १० लाखसम्मका १६, रु १० लाखदेखि २० लाखसम्मका ५३, रु २० लाखदेखि रु दुई करोडसम्मका ९६, रु दुई करोडदेखि पाँच करोडसम्मका दश र रु पाँच करोडमाथिका चार योजना सम्पन्न भएको कार्यालय प्रमुख रवीन्द्र तिवारीले जानकारी दिनुभयो । तिवारीका अनुसार शुक्लागण्डकी नगरपालिकामा ३४, म्याग्दे गाउँपालिकामा १२, भिमाद नगरपालिकामा २६, ऋषिङ गाउँपालिकामा तीन, व्यास नगरपालिकामा ३८, बन्दीपुर गाउँपालिकामा १३, आँबुखैरेनी गाउँपालिकामा १२, भानु नगरपालिकामा ३०, देवघाट गाउँपालिकामा पाँच र घिरिङ गाउँपालिकामा छ योजना सम्पन्न भएका छन् । कार्यालय मातहत ‘ एक निर्वाचन क्षेत्र : एक सडक’ अन्तर्गत चार निर्वाचन क्षेत्रमा सडक निर्माणाधीन अवस्थामा छन् । तिवारीका अनुसार भानु चन्द्रावती सडक, दुलेगौडा हर्कपुर सडक, आँबु भाँगे छिम्केश्वरी सडक, आँबु भाँग छिम्केश्वरी सडक दोस्रो खण्ड निर्माणाधीन छ । प्रादेशिक सडक ‘ख’ वर्गअन्तर्गत शालिग्राम दुई, ढोरवाराही सडक, बुद्धसिंह मार्ग निर्माणाधीन अवस्थामा रहेको तिवारीले उल्लेख गर्नुभयो । प्रादेशिक सडक ‘ख’ वर्गअन्तर्गत सिन्धु मार्ग, कृष्ण मार्ग, श्रृङ्ग पथ, सहिद लालध्वज मार्ग, दमौली केशवटार सुखौरा बन्दीपुर सडक निर्माणाधीन अवस्थामा रहेको छ ।

यसैगरी अन्य सडक निर्माण कार्यक्रमअन्तर्गत एक सय २९ मध्ये ५३, सडक पुल निर्माण तथा सम्भार कार्यक्रमअन्तर्गत १५ मध्ये दश, झोलुङ्गेपुल निर्माण तथा सम्भार अन्तर्गत पाँचमध्ये तीन निर्माणाधीन अवस्थामा छ ।

कार्यालयले सो अवधिमा केही योजना समय अगावै निर्माण सम्पन्न गरेको छ । व्यास नगरपालिका-५ रानीटारी हुँदै म्याग्दे गाउँपालिका-४ घुम्ती जोड्ने रानीटारी घुम्ती सडक समय अगावै सम्पन्न गरेको छ । नौ किलोमिटर उक्त सडक रु ३६ करोड ६२ लाख ९१ हजार ५४ को लागतमा विसं २०८१ फागुन ९ गतेसम्म सम्पन्न भएको छ । यस्तै मानपुर डेढगाउँ बुलिङटार सडकमा रु २६ करोड एक लाख ५७ हजार नौ सय २३ को लागतमा विसं २०८१ पुस ६ गते कालोपत्र सम्पन्न भएको छ ।

शालिग्राम कोरिडोर अन्तर्गत दोस्रो खण्डमा रु १७ करोड ६९ लाख ३३ हजार तीन सय एकको लागतमा विसं २०८१ मङ्सिर ३० गते कालोपत्र सम्पन्न भएको तिवारीले जानकारी दिनुभयो ।

सडकपुलतर्फ भिमाद नगरपालिका-८ र शुक्लागण्डकी नगरपालिका-१० जोड्ने क्याङ्दी खोलामा रु पाँच करोड ५७ लाख ९२ हजार आठ सय ६६ को लागतमा विसं २०८२ जेठ २० गते पुल निर्माण सम्पन्न भएको छ । यस्तै भिमाद नगरपालिका-१ डुम्रीवेशीमा रु सात करोड ५३ लाख ६४ हजार तीन सय ८२ को लागतमा पुल निर्माण सम्पन्न भएको छ । चुँदीखोलामा रु दश करोड दश लाख ९१ हजार नौ सय ६६ को लागतमा पुल निर्माण सम्पन्न भएको तिवारीले बताउनुभयो ।

# सिग्देल बन्धु प्रतिष्ठान नेपालको केन्द्रीय समितिको बैठक तथा गण्डकी प्रदेश अधिवेशन सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ६ मंसिर




सिग्देल बन्धु प्रतिष्ठान नेपाल, केन्द्रीय समितिको पाँचौं पूर्ण बैठक तथा प्रथम गण्डकी प्रदेश समितिको अधिवेशन, सिग्देल बन्धुहरुको उदगम स्थल तनहुँको किहुँमा शनिवार सम्पन्न भएको छ ।

प्रतिष्ठानको केन्द्रीय समितिले विभिन्न महत्वपूर्ण निर्णयहरु गर्दै प्रतिष्ठान अन्तर्गत प्रथम गण्डकी प्रदेश समितिको १७ सदस्यीय कार्यसमिति सर्वसम्मत निर्वाचित गरेको प्रतिष्ठानका केन्द्रिय महासचिव पूर्णचन्द्र सिग्देलले जानकारी दिए ।

सिग्देल बन्धु प्रतिष्ठान गण्डकी प्रदेश समितिमा अध्यक्ष तुलसीप्रसाद सिग्देल, उपाध्यक्ष श्रीराम सिग्देल, सचिव केशब सिग्देल, कोषाध्यक्ष दधिराज सिग्देल छानिएका छन् । त्यसैगरी कार्यसमिति सदस्यहरुमा नारायण कैलाश सिग्देल, बिष्णुप्रसाद सिग्देल, रामजी सिग्देल, छबिलाल सिग्देल, कृष्णप्रसाद सिग्देल, कमलकान्त सिग्देल, खिमराज सिन्देल, शिवभक्त सिग्देल, मिरा सिग्देल, शुशिला सिग्देल, गोमा सिग्देल चुनिएका छन् । समितिमा दुई सदस्य पछि मनोनित गरिने बताईएको छ ।

सिग्देल बन्धु प्रतिष्ठान नेपालको उदगम स्थल तनहुँ जिल्लाको साविक किहुँ गाविस हाल भिमाद नगरपालिका वडा नं. १ लाई मानिन्छ । किहुँ फालढुङ्गा स्थित सिग्देल कुल मन्दिर परिसरमा भएको कार्यक्रममा प्रमुख अतिथि संविधान सभा सदस्य टुकराज सिग्देल, विशेष अतिथि निवर्तमान सांसद केदारराज सिग्देल, अतिथिहरु बिष्णुभक्त सिग्देल, ज्ञानेन्द्र सिग्देल, केन्द्रिय अध्यक्ष दुर्गाप्रसाद सिग्देल, वरिष्ठ उपाध्यक्ष गिरिराज सिग्देल, लगाएतका महानुभावहरुले सिग्देल बन्धु प्रतिष्ठान गठन, यसको कार्यविधि तथा बन्धुत्व एकताका विविध विषयहरुमा आआफ्ना भनाईहरु राखेका थिए । प्रतिष्ठानको कार्यक्रमको सम्पूर्ण व्यवस्थापन किहुँ, फाल्दुङ्गा स्थित स्थानीय बिक्रम सिग्देलको संयोजकत्वमा गठित सिग्देल युवाहरुको समुहले मिलाएको थियो ।

कार्यक्रममा आठ जिल्लाका सिग्देल बन्धु प्रतिष्ठान अन्तर्गत ईकाइ समितिका प्रतिनिधि, पर्यवेक्षक गरी झण्डै तीन सयको हाराहारीमा सहभागिता रहेको स्थानीय नारायण कैलाश सिग्देलले जानकारी गराए । नेपालका ७७ जिल्ला मध्ये हाल ४६ जिल्लामा सिग्देल बन्धुहरुको बसोबास रहँदै आएको तथा यो संख्या अझै बढ्न सक्ने प्रतिष्ठानका केन्द्रीय सचिव सुवास सिग्देलले बताए । सिग्देल बन्धु प्रतिष्ठान नेपालले केन्द्रिय समितिका बैठकहरु सिग्देलहरुको बसोबास रहेका बिभिन्न जिल्लामा गर्दै आएकोछ ।

# तीन पटक म्याद थप्दा पनि सकिएन नमूना पशु अस्पतालको भवन

**पोखरापत्र संवाददाता**
दमौली, ६ मंसिर

तनहुँको सदरमुकाम दमौलीमा निर्माण थालिएको भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको नमूना पशु अस्पताल भवनतीन पटक म्याद थप हुँदासमेत सम्पन्न हुन सकेको छैन ।

गण्डकी प्रदेश अन्तर्गत कास्की र तनहुँमा नमूना पशु अस्पताल भवन निर्माण एकसाथ सुरु गरिएको र कास्कीमा भवन निर्माण सम्पन्न भइसकेपनि तनहुँमा भने निर्माण सकिएको छैन । विसं २०७८ कात्तिक २० गते निर्माण सुरु गरी १८ महिनाभित्र भवन निर्माण सम्पन्न गर्ने म्याद रहेपनि हालसम्म तीन पटक म्याद थप भइसकेको केन्द्र प्रमुख रविनसन अधिकारीले जानकारी दिनुभयो । हालसम्म भवनको काम ७० प्रतिशत सकिएको छ । पछिल्लो पटक थप भएको म्यादअनुसार आगामी पुससम्म काम सम्पन्न गर्ने अवधि छ ।

उहाँले भन्नुभयो, “कास्की र तनहुँमा एकैसाथ भवन निर्माण सुरु भएको थियो, कास्कीमा सम्पन्न भएर सञ्चालनमा आइसकेको छ । तर तनहुँमा निर्माण व्यवसायीको ढिलासुस्तीले समयमै काम हुन सकेन ।” गुणस्तरीय पशु चिकित्सा सेवा उपलब्ध गराउने उद्देश्यसहित नमूना अस्पताल निर्माण सुरु गरिएको थियो । समयमै भवन नबन्दा एक्सरे सेवा सञ्चालन गर्न नसकिएको अधिकारीको भनाइ छ । भवन निर्माणका लागि रु चार करोड लागतमा चितवनस्थित इकोविल्डर्स प्रालिसँग सम्झौता गरिएको थियो । ६०५ वर्गमिटर क्षेत्रफलमा साढे दुई तल्लाको भवन निर्माण हुनेछ । त्यसमा दुई प्रयोगशाला र २३ कोठा रहनेछन् । “पशुपंक्षीको उपचार उच्च प्रविधिबाट गर्न प्रयोगशाला पनि सञ्चालन गरिनेछ,” अधिकारीले भन्नुभयो, “अस्पताल भवन निर्माण सम्पन्नसँगै तनहुँका अतिरिक्त छिमेकी पालिकाका कृषकले पनि सेवा पाउनेछन् ।”

अस्पताल भवनमा आकस्मिक, शल्यक्रिया, एक्सरे, रेडियोलोजी, प्याथोलोजी, गाइनोकोलोजी,पोष्टमार्टम,फार्मेसी, प्रयोगशाला, रेडियोलोजिकल प्रयोगशालालगायतको सुविधा हुनेछ । जसका लागि छुट्टाछुट्टै कक्ष निर्माण गरिनेछ ।

# म्याग्दीमा दुई हजार दुई सय ३७ जना मतदाता थपिए

**पोखरापत्र संवाददाता**
म्याग्दी, ६ मंसिर



म्याग्दीमा दुई हजार २३७ जना नयाँ मतदाता थपिएका छन् । आगामी फागुन २१ गते घोषणा भएको प्रतिनिधीसभा सदस्य निर्वाचनका लागि निर्वाचन आयोगले गत असोज १० गतेदेखि शुक्रबारसम्म मतदाता नामावली दर्ता गर्ने व्यवस्था मिलाएको थियो ।

उक्त अवधिमा दुई हजार २३७ जना नयाँ मतदाता थपिएका जिल्ला निर्वाचन कार्यालयका प्रमुख विमलप्रसाद गौतमले जानकारी दिनुभयो । “आठ सय १९ जनाले कार्यालयमा आएर नाम दर्ता गराएका हुन”, उहाँले भन्नुभयो, “राष्ट्रिय परिचयपत्रमार्फत एक हजार ४१८ जना थपिएका छन् ।” उहाँका अनुसार ८२ जनाले मतदाता नामावलीमा भएको त्रुटि सच्चाएका छन् भने १९० जनाको ठाउँसारी गरिएको छ । जिल्ला निर्वाचन अधिकारी गौतमले गत असोज ८ गते निर्वाचन आयोगले सार्वजनिक गरेको विवरणअनुसार प्रतिनिधिसभाको एउटा निर्वाचन क्षेत्र रहेको म्याग्दीमा ८४ हजार ५२० जना मतदाता थिए । नयाँ दर्ता गरेका नामावलीको रुजु गरी दोहोरो परेकाहरूको नाम हटाएपछि कूल मतदाता स८्या यकिन हुने निर्वाचन कार्यालयले जनाएको छ । नाम दर्ता गराउनेमा युवायुवती र वैदेशिक रोजगारीबाट फर्किएकाहरू बढी रहेका उहाँले जानकारी दिनुभयो । मालिका गाउँपालिका-४ का साजन पुनले मतदान गर्न मतदाता परिचयपत्र आवश्यक पर्ने भएकाले नामावली दर्ता गरेको बताउनुभयो ।

पहिलो पटक मतदान गर्न लाग्नुभएका २१ वर्षीय पुनले देशमा विद्यमान समस्या समाधान र युवाहरूको भावनाको सम्बोधन गर्ने उम्मेद्वार छनोट गर्ने धारणा राख्नुभयो ।

निर्वाचनका लागि जिल्लामा ८२ मतदानस्थल सिफारिस गरिएको छ । छ वटा स्थानीय तह रहेको म्याग्दीमा ४५ वटा वडा छन् ।

# लमजुङमा ७० रोपनीमा प्याज खेती गरिँदै

**पोखरापत्र संवाददाता**
लमजुङ, ६ मंसिर

पहाडी जिल्लामा ७० रोपनी क्षेत्रफलमा प्याज खेती विस्तार गर्न लागेको छ ।

सङ्घीय सरकारले राष्ट्रिय कृषि आधुनिकरण कार्यक्रम कार्यान्वयन एकाई लमजुङ (मनाङ) कार्यालयमार्फत व्यवसायिक प्याज प्रवर्द्धन कार्यक्रममार्फत जिल्लाका आठ पालिकामै गरी यतिका क्षेत्रफलमा यस वर्ष प्याज खेती विस्तार गर्न लागेको कार्यालयका सूचना अधिकारी हरिबहादुर मिजारले बताउनुभयो ।

यस आर्थिक वर्ष २०८२/०८३ मा यतिका प्याज खेती विस्तारका लागि किसान र सरकारको ५०/५० प्रतिशत लगानीमा प्याज खेती सुरु गरेको उक्त कार्यालयले जनाएको छ । कार्यालयका अनुसार प्रतिरोपनी कार्यालय र किसानको सम्मान नौ हजार ८७५ खर्च हुने भएको छ । कार्यालयका सूचना अधिकारी मिजारका अनुसार किसान र कार्यालयको गरी प्रतिरोपनी १९ हजार ७५० रुपैयाँ लागत रहनेछ । यसका लागि कार्यालयले जिल्लाका २८ वटा कृषक संस्था छनोट गरी यस खेती विस्तार सुरु भएको छ । कार्यालयको सात लाख २० हजार रुपैयाँ लागत रहेको छ । एक रोपनीदेखि नौ रोपनीसम्म एक कृषक संस्थाले व्यवसायीक प्याज खेती गर्ने सो कार्यालयका नायव प्राविधिक सहायक नवीन श्रेष्ठले बताउनुभयो । उहाँका अनुसार छनोट भएका कृषकलाई प्याज खेती प्रविधि र कार्यक्रम कार्यान्वयनसम्बन्धी एक दिने अभिवृद्धि तालिम सञ्चालन गरिरहेको छ । त्यस्तै आर्थिक वर्ष २०८१/२०८२ मा समेत ५० रोपनी जमीनमा प्याज खेती विस्तार गरेको थियो । गत वर्ष २० कृषक संस्थालाई ६ लाख ८० हजार कार्यालयको बजेट रहेको थियो । यस प्याज प्रवर्द्धन कार्यक्रम लमजुङमा दुई वर्षदेखि सुरु भइरहेको छ । बाहिरी जिल्लाको भर पर्नुपर्ने लमजुङ बासीलाई जिल्लामै गरिने यस्ता प्याज खेतीले सहज बनाउने छ । प्याजको मूल्य र माग राम्रो भएपछि यस खेतीतर्फ किसान आकर्षित हुँदा व्यवसायीक प्याज प्रवर्द्धन कार्यकम प्रभावकारी बन्दै आएको छ ।

# बारीभरि लटरम्मै किवीपाक्दा, किसान रमाए

**पोखरापत्र संवाददाता**
गोरखा, ६ मंसिर

बारीभरि लटरम्मै किवीपाक्नथालेपछि उत्तरी गोरखाको धार्चे-२ रुञ्चेतका किसानहरू दङ्ग छन् । किबी बेचेर गतवर्ष राम्रो आम्दानी गरेका यहाँ काकिसान यसवर्ष पनि त्यो भन्दा धेरै आम्दानी हुने आशामा छन् ।

“हाम्रो गाउँका १८ जना किसानले व्यवसायिक रूपमा किवीलगाएका छन्”, स्थानीय वीरबहादुर गुरुङ भन्नुहुन्छ, ‘कसैले एक, दुई रोपनीमा लगाएका छन् । कसैले १२, १३ रोपनीमा पनि लगाएका छन् । मैले आठ रोपनीमा लगाएको किवी पोहोर आठ क्वीण्टलै बेचेँ । अहिले पनि त्योभन्दा राम्रो भएको छ ।’ गाउँका किसानले एक क्वीण्टलदेखि १२-१५ क्वीण्टलसम्म किवी उत्पादन गर्ने गरेका उहाँको भनाइ छ । गाउँमै सबैभन्दापहिले किवी खेती सुरु गरेका किसान कामीराम गुरुङले पनि दुई रोपनीमा किवी फलाएका छन् । गतवर्ष एक क्वीण्टल बेचेको भन्दै उनी यसपटक पनि त्योभन्दा धेरै बेच्ने योजनामा छन् । हावापानी सुहाउँदो भएकाले विगत आठ वर्षदेखि व्यवसायिक रूपमा किवी खेती गर्न थालेको उहाँको भनाइ छ ।

सुरुका वर्षमा बजारको समस्या भए पनि गतवर्ष यता व्यापारीसँग सम्पर्क भएपछि बजारको समस्या छैन । तर बजारसम्म पुऱ्याउने बाटोको भने समस्या भएको कामीराम गुरुङको भनाइ छ । यसवर्ष बेमौसमी वर्षापछिको पहिरोले बाटोको समस्या बनाएको उहाँको भनाइ छ । ‘यसपटक पहिरोले साह्रै समस्या बनायो । दुई पटकसम्म पहिरो मर्मत गरेपनि गतकात्तिक पहिलो हप्ता परेको वर्षापछिको पहिरोले मर्मत गर्नै नसकिने गरी बाटो बिगाऱ्यो’, उहाँले भन्नुभयो, “डोकोमाबोकेर साध्यै छैन । कसरी बजारसम्म पुऱ्याउने भन्ने समस्या भयो ।” फेज नेपाल नामक संस्थाको सहयोगमा कामीराम गुरुङले २०७४ सालमा लगाएपछि गाउँले त्यसतर्फ आकर्षित भएका थिए । अहिले सबैको बारीभरि किबी लटरम्मै फलेको छ ।

किसानको किवी बजारसम्म पुऱ्याउन बाटोको समस्या भएको वडाअध्यक्ष सरोज गुरुङको भनाइ छ । ‘हामीले सडक मर्मत गर्न सकेसम्म पहल गरिरहेका छौं’, उहाँ भन्नु हुन्छ, ‘यसअघि पनि दुई पटकसम्म मर्मत गरेको हो । फेरि पनि बनाउँछौं ।’


## मादी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### थुमाकोडाँडा, कास्की
### गण्डकी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना।

प्रकाशित मिति : २०८२/०८/०७

यस कार्यालयको मिति २०८२/०६/३० गतेको “पोखरापत्र राष्ट्रिय दैनिक” पत्रिकामा दोस्रो पटक प्रकाशित सूचना अनुसार भएरको थान माथी, मौरीवेशी घाट कार्यको लागि E–Bidding मार्फत आह्वान भई तोकिएको म्यादभित्र दर्ता हुन आएका बोलपत्रहरु मध्येबाट तपशिल बमोजिमका बोलपत्रदाताको बोलपत्र अधिकतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएको देखिएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को उपदफा २ तथा सोही ऐनको दफा ४७ समेतको प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्र दाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. (Inc. VAT and TDS) | कैफियत |
|---|---|---|---|---|
| MRM/NCB/GHAT/08/082-083 | Extraction of River Bed Materials (stone, Gravel, aggregate, sand, etc) of Bhayarthanko Mathi Mauribesi Ghat at Madi Rural Municipality, Kaski (For Internal Revenue Collection) | New Machan Suppliers Bharatpur-7, Chitwan | NRs.6,99,754.2/- | |

प्रमुख प्रशासकीय अधिकृत